# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

### गभर्नर डा. खतिवडाद्वारा कमर्ज एण्ड ट्रष्ट बैंक लिमिटेडको रोल्पा, सुलिचौर शाखाको उद्घाटन

गभर्नर डा. युवराज खतिवडाले गत चैत २८ गते रोल्पा जिल्लाको प्रमुख व्यापारिक नाका सुलिचौरमा एक समारोहकाबीच कमर्ज एण्ड ट्रष्ट बैंक लिमिटेड, सुलिचौर शाखाको उद्घाटन गर्नु भयो ।



उद्घाटन समारोहमा उपस्थित व्यापारी, उद्यमी, सो बैंकका संचालक समितिका पदाधिकारी, बैंकको उच्च व्यवस्थापन, स्थानीय बुद्धिजीवी र जनसाधारणलाई प्रमुख अतिथिको आसनबाट गभर्नर डा. खतिवडाले सम्बोधन गर्दै बैंकले ग्राहक नपाउने र उद्यमीले पूँजी नपाउने एक खोलाको दुई किनारजस्तो स्थितिलाई हल गर्न केन्द्रीय बैंकले समन्वयकारी भूमिका निर्वाह गरिरहेको जानकारी दिनु भयो । द्वन्द्व पूर्वको बैंकिङ्ग पद्धति र द्वन्द्वपश्चात्को बैंकिङ्ग प्रणालीमा भिन्नता आउनु आवश्यक छ भन्ने धारणा राख्दै गभर्नर डा. खतिवडाले वर्तमान सन्दर्भमा बैंकहरूले संचालन लागत घटाउने, संभावित ग्राहकलाई घरदैलोमा गई भेट्ने, उद्यमीहरूको साहू होइन साथी बन्ने, आफ्नो मात्र नभई व्यवसायीको उद्यमलाई पनि मुनाफामा लैजाने रणनीति अँगाल्नु पर्दछ भन्ने कुरामा जोड दिनु भयो ।

रोल्पाजस्ता पहाडी जिल्लामा कृषि, पशुपालन, मौरीपालन, लघु उद्यम र साना तथा घरेलु उद्योगको प्रचुर संभावना रहेको विश्लेषण गर्दै बैंकबाट उत्पादनशील कर्जा लिन, आफ्नो परियोजनाको बीमा गर्न, प्रयोजन अनुसारकै कार्यमा कर्जा सदुपयोग गर्न, समयमै साँवा व्याज भुक्तान गर्न तथा केही समस्या परेमा बैंकसँग परामर्श गरी समाधानको बाटो पहिल्याउन गभर्नर डा. खतिवडाले उद्यमीहरूको ध्यानाकर्षण गराउनु भयो । ग्रामीण क्षेत्रमा काम गर्ने बैकरले जनताको मनोविज्ञान बुझेर उनीहरूसँग धुलमिल हुँदै व्यवहारिक कार्यशैली अवलम्बन गर्नु पर्छ भन्ने तथ्य पनि बैकरहरूलाई स्मरण गराउनु भयो ।

वित्तीय पहुँच र वित्तीय समावेशीकरणलाई केन्द्रीय बैंकले उच्च प्राथकिता दिएको कुरा दोहोऱ्याउँदै गभर्नर डा. खतिवडाले रोल्पा वा रोल्पाजस्तै वित्तीय सेवाको न्यून पहुँच भएका जिल्लामा केन्द्रीय कार्यालय खोली विकास बैंक अथवा लघुवित्त विकास बैंक स्थापना गर्न चाहेमा केन्द्रीय बैंकले Fast Track बाट इजाजत प्रदान गर्ने जानकारी दिनु भयो ।



केन्द्रीय बैंकबाट गाउँमुखी बैंकिङ्ग नीतिलाई निन्तरता दिइएको तथा ग्रामीण क्षेत्रमा सुरक्षा, पूर्वाधार र बजार विस्तारको क्रम शुरु भएकोले आर्थिक गतिविधिमा सुधार भई बैंकहरू ग्रामीण भेकमा प्रवेश गर्दै छन् भन्ने धारणा राख्दै गभर्नर डा. खतिवडाले ग्रामीण क्षेत्रमा उद्यमशीलताको विकास गर्नका लागि सरकार, दातृ निकाय, सहकारी संस्था, NGO र INGO सँग समन्वय गर्दै नेपाल राष्ट्र बैंकले आफ्नो नीतिहरूमा समायोजन गरिरहेको तथ्य औल्याउनु भयो । गभर्नर डा. खतिवडाले ग्रामीण भेकको विकासलाई गति दिनका लागि एकातिर स्थानीय जनताले रेमिट्यान्सको रकम उपभोगमा नभई उत्पादनमा लगाउने, फजुल खर्च कम गर्ने र बचत गर्ने बानीको विकास गर्ने कार्य गर्नु पर्छ भने अर्कातिर बैंकले पनि आकर्षक व्याज दरमार्फत निक्षेप परिचालन, लगानी विस्तार गर्नु आवश्यक छ भन्नु हुँदै यो दोहोरो कार्यनीतिको समन्वयबाट नै उद्यमी र बैंक दुवै समृद्धि, प्रगति र समुन्नतितर्फ पुग्न सक्छन भन्ने धारणा राख्नु भयो ।

उक्त बैंकका संचालक समितिका अध्यक्ष श्री शोभाकर न्यौपानेको अध्यक्षतामा भएको सो उद्घाटन समारोहमा बैंकका प्रमुख कार्यकारी निर्देशक श्री अनल भट्टराईले स्वागत मन्तव्यसहित बैंकको समसामयिक नीति तथा लक्ष्यहरूको बारेमा प्रकाश पार्नु भएको थियो ।

मिति २०७०।१।२

गभर्नरको कार्यालय